# विनयी त्रिवेणी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
**दुम्किवास, नवलपरासी (वर्दघाट सुस्ता पुर्व)**
**गण्डकी प्रदेश, नेपाल**

## आन्तरिक आय तर्फको बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०३/२२**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (११) र (६४) ले दिएको अधिकार प्रयोग गरि यस विनयी त्रिवेणी गाउँकार्यपालिकाको मिति २०७९/०३/२१ गतेको निर्णय, तथा जिल्ला विपदको निर्णय अनुसार खोला खण्डको बगर क्षेत्रको नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) हटाई संकलन भएको र उक्त संकलन भएको नदिजन्य पदार्थ तपशिल बमोजिम डम्पिंग भएको विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री तथा निकासी गरि राजस्व असुली सम्बन्धी काम ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ। मिति २०७९/०४/१९ गते भित्र कानूनी प्रक्रिया पुरा गरेका इच्छुक फर्म कम्पनीहरुले देहायको मिति र समय भित्र (Hard Copy) बोलपत्र खरिद गरि बोल कबोल गर्न आब्हान गरिएको छ। अन्य थप जानकारीका लागि कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

### ठेक्का विवरण

| सि.न. | आय ठेक्का नम्बर | संकलन भएको स्थान | खोला खण्ड | आ.व. २०७८/०७९ को लागि निधारण गरिएको परिमाण (घ.फि.) | प्रति घनफिट दर रु. | कुल न्युनतम रकम (कर तथा भ्याट बाहेक) | बोलपत्र दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | 11/NCB/Rev/ BT/2078-079 | जैकुटी | विनयी खोला हाईवे पुल तलबाट इट्टा भट्टा सम्मको खण्ड | ४८४२००.०० | १६.०० | ७७४७२००.०० | ३०००.०० | |
| २ | 12/NCB/Rev/ BT/2078-079 | पहेलभिता हाइवे पुल माथि | विनयी खोला हाईवे पुल माथिबाट सी.जी. सिमेन्ट उधोग पुर्व सम्मको खण्ड | २३२१२०.०० | १६.०० | ३७१३९२०.०० | ३०००.०० | |
| ३ | 13/NCB/Rev/ BT/2078-079 | सुनटाडी ढिकटोल (भैरब बाबा कम्पनि नजिक) | विनयीखोला चोखाघाट देखि महाबिर क्रसर पश्चिम सम्मको खण्ड | ३२४४०.०० | १६.०० | ५१९०४०.०० | ३०००.०० | |
| ४ | 14/NCB/Rev/ BT/2078-079 | सुनटाडी ढिकटोल (नमोबुद्ध सप्लायर्स एण्ड स्याण्ड प्रोसेसिङ कम्पनि नजिक) | विनयीखोला चोखाघाट देखि महाबिर क्रसर पश्चिम सम्मको खण्ड | ६६४३०.०० | १६.०० | १०६२८८०.०० | ३०००.०० | |
| ५ | 15/NCB/Rev/ BT/2078-079 | सुनटाडी ढिकटोल (सुन्टाडी बालुवा प्रशोधन केन्द्र कम्पनि अगाडी) | विनयीखोला चोखाघाट देखि महाबिर क्रसर पश्चिम सम्मको खण्ड | ६९३००.०० | १६.०० | ११०८८००.०० | ३०००.०० | |
| ६ | 16/NCB/Rev/ BT/2078-079 | सुनटाडी ढिकटोल (मगर घाट नजिक) | विनयीखोला चोखाघाट देखि महाबिर क्रसर पश्चिम सम्मको खण्ड | २७९००.०० | १६.०० | ४४६४००.०० | ३०००.०० | |
| ७ | 17/NCB/Rev/ BT/2078-079 | सुनटाडी ढिकटोल (सिमलको रुख मुनि ) | विनयीखोला चोखाघाट देखि महाबिर क्रसर पश्चिम सम्मको खण्ड | ८७१००.०० | १६.०० | १३९३६००.०० | ३०००.०० | |
| ८ | 18/NCB/Rev/ BT/2078-079 | घुसेरी (बिन्दबासिनी बालुवा प्रसोधन केन्द्र नजिक) | विनयीखोला चोखाघाट देखि महाबिर क्रसर पश्चिम सम्मको खण्ड | १४२२९०.०० | १६.०० | २२७६६४०.०० | ३०००.०० | |
| ९ | 19/NCB/Rev/ BT/2078-079 | सुनाही तल्लो खण्ड, सुनाई खोला माथिल्लो खण्ड, सुनाही माथिल्लो खण्ड र पतखाहरे नजिक | सुनाई खोला माथिल्लो खण्ड | ३०९१५०.०० | १६.०० | ४९४६४००.०० | ३०००.०० | |
| १० | 20/NCB/Rev/ BT/2078-079 | खोरंडी | खोरंडी खोला | १८६७५०.०० | १६.०० | २९८८०००.०० | ३०००.०० | |
| ११ | 21/NCB/Rev/ BT/2078-079 | सिलौटेघाट पुल माथि (खयरघारी) | विनयी खोला सिलौटेघाट पुल माथि देखि दुम्कट्टा पुछार सम्म | ३०६४५०.०० | १६.०० | ४९०३२००.०० | ३०००.०० | |
| १२ | 22/NCB/Rev/ BT/2078-079 | जोलुंगे पुल माथि पाखापानी (गोम्दी चुकाहा सिमाना ) | विनयी खोला गौरीफोक पुच्छार देखि मसान मजुवा सम्म | ३९६४५०.०० | १६.०० | ६३४३२००.०० | ३०००.०० | |
| १३ | 23/NCB/Rev/ BT/2078-079 | पुल माथि, मभुवा र मसानमभुवा | मसानमजुवा देखि खुम्बरीसम्म | १८४९५०.०० | १६.०० | २९५९२००.०० | ३०००.०० | |

### शर्तहरू

१. आय बोलपत्र भर्दा भ्याट बाहेकको कबोल अंङ्क उल्लेख गरी कूल अंङ्क समेत उल्लेख गर्नुपर्नेछ। साथै उक्त आय ठेक्काहरुमा जुन कबोल अंङ्क बढी हुन्छ सो कबोल कर्ताको बोलपत्र स्वीकृत गरिनेछ। कबोल रकम अंङ्क र अक्षर दुवैमा खुलाउनु पर्नेछ अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

२. ठेक्का अवधि पट्टा पत्र पाएको मितिदेखि २०७९ साल असोज मसान्त सम्म रहनेछ। तर ठेक्कामा माल समानको परिमाण यकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि बिक्री निकासी गर्न सकिने छ , साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षति पूर्तित दावी गर्न पाईने छैन।

३. धरौटी बापत कबोल गरेको अंङ्को ५ प्रतिशत रकम यस कार्यालयको सिद्धार्थ बैंक लि. दुम्किवास स्थित बैंक खाता नं. ००८१५१५३३२६ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बैंक जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्रसाथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

४. ठेक्का सम्झौता भए पश्चात प्रत्येक महिना भुक्तान भएको सात दिन भित्र उत्खनन र विक्रि वितरण गरिएको यथार्थ परिमाण खुलाइ गाउँपालिकामा विवरण पेश गर्नु पर्ने छ।

५. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुने छैन। साथै रित नपुगी आएको बोलपत्रउपर कुनै कारवाही हुनेछैन।

७. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मिति २०७९/०३/२२ देखि २०७९/०४/१९ गते सम्म बोलपत्र खरिद गरि २०७९/०३/२२ देखि २०७९/०४/२० गते दिनको १२.०० बजेसम्म विनयी त्रिबेणी गाउँपालिको राजस्व शाखामा बुझाउनु पर्नेछ। प्राप्त बोलपत्रहरु सोही दिन दिनको १:०० वजे यस कार्यालयमा खोलिनेछ ।

८. बोलपत्र फारामहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश सो को भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ।

९. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुदांहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ।

१०.यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिने छैन।

११. वोलपत्र दस्तुर वापतको रकम सिद्धार्थ वैक दुम्किवास शाखामा रहेको यस विनयी त्रिवेणी गा.पा. आन्तरिक राजश्व खाताको खाता नं. ००८१५४१३०७८ मा जम्मा गरि वैक भौचर अनिवार्य रुपमा बोलपत्र साथ पेश गर्नुपर्नेछ।

### आय ठेक्का सम्बन्धी अन्य शर्तहरू

१. आय रकमको भुक्तानी सम्झौता गर्दाका बखत एकमुष्ठ गर्न सकीनेछ। एकमुष्ठ भुक्तानी दिन नसकेमा अन्तिम किस्ता भूक्तानीको मितिले ९० दिन थप अवधिको कार्यसम्पादन बैंक जमानत पेश गरि देहायको तालिका अनुसार हुनेछ।

| किस्ता | किस्ता बुझाउँनुपर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र | कबोल अंङ्कको ५० प्रतिशतले हुन आउँने रकम र सो ५० प्रतिशत रकमको मू.अ.कर १३ प्रतिशत । |
| दोश्रो तथा अन्तिम | २०७९ साल असोज मसान्त भित्र | कबोल अंङ्कको ५० प्रतिशतले हुन आउँने रकम र सो ५० प्रतिशत रकमको मू.अ.कर १३ प्रतिशत । |

२. ठेक्का कबोल गर्ने ठेकेदारले तोकेको कर उठाउँदा प्रयोग गर्ने विक्री तथा निकासी तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ।

३. माथि शर्त नं. २ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम विक्री तथा निकासी आय खातामा मू.अ.करको हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्न गरी खाता र रसिद वार्षिक रुपमा गाउँपालिकामा बुझाउँनुपर्नेछ।

४. ठेकेदारले उठाउने कर शुल्क कार्यालयद्वारा तोकिएको संकलन केन्द्रबाट उठाउनु पर्नेछ साथै दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ।

५ ठेक्कामा कुनै विवाद भएमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

६. गाउपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको फर्मको बोलपत्र स्वीकृत हुनेछैन।

७. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र र कागजात पेश गर्नुपर्नेछ।

८. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थान तथा गाउँपालिकाले डपिंग गरेको स्थान बाहेक अन्य ठाउँबाट संकलन गर्न पाईने छैन।

९. नदिजन्य पदार्थको उत्खनन विहान सूर्योदयदेखि वेलुका सुर्यास्तसम्म मात्र गर्न पाइने छ।

१०. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ। सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन।

११. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।

१२. कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित बोलपत्रलाई मात्र मान्यता दिइनेछ।

१३. यस कार्यालयमा पेश हुन आएका बोलपत्र तथा दरभाउपत्र बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालय प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ।

१४. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसाय दर्ता प्रमाण पत्र, नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर (पान) मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र आ.व. २०७७७८ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपी तथा कर चुक्ता प्रमाणपत्रको म्याद थप पत्र संलग्न राखी पेश गर्नु पर्नेछ।

१५ ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।

१६. नदिजन्य पदार्थलाई घाटगद्धि गाउँपालिकावाट स्वीकृत लिइ गर्नु पर्नेछ।

१७. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा गण्डकी प्रदेशबाट जारी गरिएको ढुङ्गा गिट्टि,वालुवा उत्खनन, संकलन, क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधी २०७५, विनयी त्रिवेणी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७ ,विनयी त्रिवेणी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७७, ढुङ्गा गिट्टि,वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७, चुरे क्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्डहरु २०७७ र अन्य प्रचलित नियमको मापदण्ड ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।

१८. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ।

१९. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

२०. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

Scanned with CamScanner